| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको थुनछेक आदेश र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा प्रतिवादीहरुको हकमा थुनछेक आदेश उपर गरिएका निवेदनका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी राममाया वोगटीको हकमा मिति २०८२।१२।१८ गते, प्रतिवादीहरु मनरुप शाही र रामकुमार श्रेष्ठका हकमा मिति २०८२/१२/१९ गते, प्रतिवादी मनोज कार्कीका हकमा मिति २०८२/१२/२२ गते, प्रतिवादीहरु विनोदानन्द चौधरी, पुरुपोत्तम डंगोल र रामकृष्ण तिमल्सेनाका हकमा मिति २०८२/१२/३० गते, सन्तोष कुमार श्रेष्ठ, सूर्य ज्ञवाली, रविन्द्र नाथ श्रेष्ठको हकमा मिति २०८३।०१।०९ गते, यमुनादेवी श्रेष्ठको हकमा मिति २०८३।०१।२२ गते र ज्योती अधिकारीको हकमा मिती | गैरकानुनी लाभ/हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको समेत।<br><br>(मुद्दा नं.:- ०८२-CR-००४८) | क.प्रस्तुत मुद्दामा प्रतिवादी पोष्ट बहादुर बोगटीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूरमा बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादी पोष्ट बहादुर बोगटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिनुपर्ने देखिएता पनि निज प्रतिवादीको मृत्यु भएको भनी निजको हकवाला श्रीमती राममायाँ बोगटीले अधिकारप्राप्त अधिकारी समक्ष बयानमा व्यहोरा खुलाएको देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४को दफा | विशेष **<u>अदालत काठमाण्डौवाट भएको थुनछेक आदेशको आधार</u>**<br><br>४. बिशेष अदालत काठमाण्डौवाट उपरोक्त अनुसार आदेश गर्दा निम्न आधारहरु ग्रहण गरेको देखिन्छः<br>(क) प्रतिवादीहरु मनरुप शाही डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ, उप-प्राध्यापक सूर्य ज्ञवाली,ज्योती अधिकारी र यमुनादेवी श्रेष्ठको बिमानस्थल निर्माण सम्बन्धमा लागत स्वीकृत गर्ने लगायत, निर्माण कम्पनीसँग सम्झौताको अन्य कुनै पनि प्रक्रियामा संलग्न रहेको भन्ने नदेखिएको।<br>(ख) प्रस्तुत मुद्दामा मनरुप शाही डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीको खरिद प्रकियामा कुनै संलग्नता रहेको भन्ने देखिन नआएको ।<br>(ग) प्रतिवादीहरु मनरुप शाही डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीको बिमानस्थल निर्माण सम्बन्धमा लागत स्वीकृत गर्ने लगायत, निर्माण कम्पनीसँग सम्झौताको अन्य कुनै पनि प्रक्रियामा संलग्न रहको भन्ने नदेखिएको।<br>(घ) प्रतिवादीहरु रामकुमार श्रेष्ठ र मनोज कार्कीले बिमानस्थल निर्माण सम्बन्धमा तत्कालीन पदीय जिम्मेवारी र संशोधित लागत बमोजिम | विशेष अदालत काठमाडौंवाट भउको थुनछेक आदेश उपर श्री सम्मानित सर्वोच्च अदालत समक्ष निवेदन गर्नुपर्ने आधार र कारणहरु<br>(क)पोखरामा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माण गर्ने कार्यको शुरु चरण हेर्दाः मिति २०६६/०४/१३ मा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष युवराज खतिवडाको कार्यकक्षमा अर्थ/पर्यटन/उर्जा सचिव समेत सम्मिलित बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि करिव २० करोड अमेरिकी डलर सहुलियत ऋण उपलब्ध गराउन चीन सरकारलाई अनुरोध गर्ने निर्णय भई मिति २०६६/०७/१८ (४ नोभेम्वर २००९) मा अर्थ मन्त्रालय र The Export-Import Bank of China (China EXIM Bank/एक्जिम बैंक)बीच विकास परियोजना संचालन गर्नको लागि चीन सरकारले २०० मिलियन अमेरिकी डलरको Concessional Loan उपलब्ध गराउने सम्बन्धमा Memorandum of Understanding (MoU) भएको देखिन्छ। यसै क्रममा मिति २०६७/०२/१९ (२ जुन २०१०) मा तत्कालीन अर्थ मन्त्री, पर्यटन मन्त्री, उर्जा मन्त्री, अर्थ सचिव, भौतिक सचिव, उर्जा सचिव समेतको बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन गर्न खुल्ला प्रतिस्पर्धाद्वारा टर्न कि (Turn Key) आयोजनाको रुपमा काम गर्ने गरी चिनियाँ ठेकेदार मध्येबाट छनौट गरी सम्बन्धित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अर्थ मन्त्रालयलाई जानकारी दिए पश्चात अर्थ मन्त्रालयले ऋण सहायताको लागि चीन सरकारलाई औपचारिक अनुरोध गर्ने निर्णय भएको देखिन्छ। सोही निर्णयको आधारमा Turn Key आयोजनाको रुपमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि खुला प्रतिस्पर्धाद्वारा चिनिया ठेकेदार छनौट गरी पठाइदिन मिति २०६७/०२/२७ मा अर्थ मन्त्रालयले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद प्रक्रियाको चरणमा प्रवेश गरेको देखिन्छ।<br>(ख) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि तयार भएका लागत अनुमानका सन्दर्भमा हेर्दाः उक्त अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि Japan International Cooperation Agency (JICA) ले विस्तृत अध्ययन गरी पेस गरेको निर्माण लागत अनुमान सहितको विस्तृत अध्ययन प्रतिवेदन 1989 समेतलाई आधार लिई Joshi Associate Engineering Consultant ले दिएको निर्माण लागत अनुमान सहितको विस्तृत अध्ययन प्रतिवेदन बमोजिमको लागत अनुमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६७/०६/०६ को बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि १४५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) लागत अनुमान तय गरी अग्रिम कारबाहीको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउने निर्णय भएको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०८३।०१।२४ गते भएको आदेश । | | १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि बिगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी पोष्ट बहादुर बोगटीको श्रीमती राममाया बोगटीसमेतबाट प्रतिवादी पोष्ट बहादुर बोगटीले जिवित हुँदा माथि उल्लेखित कसूर गरी नेपाल सरकार/सार्वजनिक संस्था नेपाल नागरिक उड्डयन प्राधिकरणलाई हानी पुऱ्याएको बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) निजको श्रीमती प्रतिवादी श्रीमती राममाया बोगटी समेतबाट असुल उपर हुन मागदावी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(ख) प्रतिवादी मनरुप शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूरमा बिगो ७४,३४३,४५०.०० अमेरिकी | परियोजना कार्यन्वयन गर्ने क्रममा निजले भूमिका निर्वाह गरेको भन्ने सम्म देखिएको साथै निजले अनुसन्धान र अदालतमा कसूरमा ईन्कार रही वयान गरेको।<br>(ङ) प्रतिवादी राममाया वोगटीका पति पोष्टबहादुर वोगटी तत्कालीन समयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पदमा रहेकोमा निज पोष्ट बहादुर वोगटीको मृत्यु भई निजको हकवाला श्रीमती राममायाँ बोगटीबाट विगो असुल उपर गर्ने प्रयोजनका लागी प्रतिवादी वनाईएको भन्ने मात्र देखिएको। | उड्डयन मन्त्रालयबाट लागत अनुमान र EPC Document लगायतका कागजातहरुमा परामर्श र स्वीकृतिको लागि मिति २०६७/०७/१७ मा अर्थ मन्त्रालयमा पत्राचार भएको देखिन्छ। यसरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६७/०६/०६ को बैठकले स्वीकृत गरेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरणबाट पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माणको लागि EPC (Engineering, procurement Construction) Model बाट गर्ने गरि प्राधिकरण संचालक समितिको २०६८/१०/२४ मा बसेको २५० औं बैठकको निर्णयबाट अमेरिकी डलर १७०.५३ मिलियन अमेरिकी डलर (भ्याट सहित) लागत लाग्ने गरी तयार पारिएको EPC Document स्वीकृत गर्ने र मिति २०६८/१०/२६ को राष्ट्रिय दैनिक पत्रपत्रिकामा संलग्न सूचना प्रकाशित गर्ने निर्णय भएको देखिन्छ। उक्त लागत अनुमानमा मिति २०६९/०१/०२ गते प्राधिकरणमा तत्कालिन महानिर्देशक त्रिरत्न मानन्धरले माटोको काट्ने कामको रकम घटाउँदा हुन आउने अमेरिकी डलर १६९.६९७ मिलियन अमेरिकी डलर (भ्याट सहित) लाई संशोधित संशोधित लागत अनुमान कायम गरी सोही अनुसार Revised Bill of Quantity सबै Bidder लाई पठाउने भनी प्राधिकरणका महानिर्देशकबाट मिति २०६९/०१/०२ मा निर्णय भई मिति २०६९/०१/०४ (१६ अप्रिल २०१२) मा सबै Bidder लाई Revised Bill of Quantity पठाएको देखिन्छ। बोलपत्रको म्याद थप सम्बन्धमा प्रतिनिधी सभा सार्वजनिक लेखा समितिको मिति २०६८/१२/१२ को निर्देशन र केही ठेकेदार कम्पनीको अनुरोधमा प्राधिकरण सञ्चालक समितिको मिति २०६९/०१/०९ को २५४ औं बैठकले बोलपत्र दाखिलाको म्याद थप १० दिन अर्थात् ४ मे २०१२ सम्म थप गर्ने निर्णय गरी सोको आधारमा मिति २०६८/१०/२६ (९ फेब्रुअरी २०१२) को The Kathmandu Post दैनिक पत्रिकामा EPC Contract अन्तर्गत ठेकेदार छनौटको लागि प्राधिकरणले ३० दिन अर्थात ९ मार्च २०१२ भित्र बोलपत्र फाराम खरिद गरी ४५ दिन अर्थात २४ मार्च २०१२ भित्र बोलपत्र फाराम दर्ता गराई सक्नेगरी ठेक्का नं. 01/ATPDD/PRIA/2011/12 को बोलपत्र आह्वान गरेको देखिन्छ। यसरी प्राधिकरणका महानिर्देशकबाट मिति २०६९/०१/०२ मा स्वीकृत लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को उपनियम (२) को खण्ड (घ) सम्मत रहेको देखिन्छ। तसर्थ, उक्त लागत अनुमानलाई कानुनसम्मत अधिकारीबाट स्वीकृत भई सो को आधारमा बोलपत्रको कारबाही अगाडि बढेको देखिँदा ।६९.६९७ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) लागत अनुमानले नै कानुनी ग्राह्यता प्राप्त अन्तिम लागत अनुमान रहेको स्पष्ट देखिन्छ।<br>(ग) नेपाल नागरिक उड्डयन प्राधिकरणबाट पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माणको लागि भएको निर्माण खरिदको प्रक्रियालाई हेर्दाः मिति २०६८।०६।०६ मा नेपाल नागरिक उडडयन प्राधिकरण संचालक समितिले विमानस्थलको लागत १४५ मिलियन अमेरिकी डलर ( भ्याट बाहेक) स्वीकृत गरे पश्चात उक्त अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन समेतको मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(ग)प्रतिवादी मनोज कुमार कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादी मनोज कुमार कार्कीलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर)अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादी मनोज कुमार कार्कीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री तथा नेपाल नागरिक उड्डयन | | २०६८/०८/२६ (१२ डिसेम्बर २०११) मा China CAMC Engineering Co. Ltd का Regional General Manager Mr. Liu Shengcheng ले पर्यटन मन्त्रीलाई सम्बोधन गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि २८६.५२६ मिलियन अमेरिकी डलर लागत सहितको ३० डिसेम्बर २०११ सम्म मान्य हुने गरी आर्थिक एवं प्राविधिक प्रस्ताव र कम्पनीको योग्यता/सूचना/जानकारी समेत खुलाई प्रस्ताव पठाएको देखिन्छ। China CAMC Engineering Co. Ltd को १२ डिसेम्बर २०११ को प्रस्ताव उपर मिति २०६८/०९/०१ मा CAAN का महानिर्देशक सहितका पदाधिकारी र China CAMC का प्रतिनिधि बीचको बैठकबाट विमानस्थलमा लागत बढी पर्ने Concrete Pavement बनाउने, प्राधिकरणको डिजाइनमा Runway को Slope कम गर्दा लागत बढ्ने र प्रस्तुत डिजाइनमा Hanger र Taxiway को व्यवस्था हुनुपर्ने भनी छलफल भई मिति २०६८/०९/०६ मा सोही राय/प्रतिक्रिया पर्यटन मन्त्रालयमा पठाएको देखिन्छ। यसरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागत अनुमान 145 मिलियन अमेरिकी डलर (भ्याट बाहेक) स्वीकृत भए लगत्तै China CAMC Engineering Co. ltd ले लागत अनुमान बढाई परियोजना लागत 287 मिलियन अमेरिकी डलरमा निर्माण कार्य गर्न दिनुपर्ने भनी बद्नियत पूर्वक प्रचलित कानूनी विपरीत प्रस्ताव पेस गरेको देखिएबाट उक्त China CAMC Engineering Co. ltd कम्पनीले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा बदनियतपुर्वक लागत अनुमान बढाई सोको ठेक्का प्राप्त गर्न हर सम्भव प्रयास गरेको देखिन्छ।<br>(घ) नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६८/०९/२१ को २४७ औं बैठकले सञ्चालक समितिको मिति २०६७/०६/०६ को (नेपाल नागरिक उडडयन प्राधिकरण संचालक समितिले विमानस्थलको लागत १४५ मिलियन अमेरिकी डलर ( भ्याट बाहेक) स्वीकृत गर्ने निर्णय) निर्णय अनुरुपको मापदण्ड र China CAMC Engineering Co. Ltd को १२ डिसेम्बर २०११ को प्रस्तावमा फरक देखिएका संरचना, डिजाइन तथा लागत अनुमान समेतका विषयमा अध्ययन गरी पुनरावलोकन गर्न सञ्चालक समितिका सदस्य मनोज कार्कीको संयोजकत्वमा ४ (चार) सदस्यीय उप-समिति गठन गरेकोमा उक्त उपसमितिले नेपाल राष्ट्र बैंकको मुद्रास्फिति ९.६% का आधारमा लागत गणना गर्दा लागत १६६.४१ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) हुने, China CAMC Engineering Co. Ltd को प्रस्तावमा उल्लिखित लागत २८७ मिलियन अमेरिकी डलर उच्च देखिएकोले सोको औचित्य प्रष्ट्याउन नसकिने र कानुनी अड्चन आउने, China CAMC Engineering Co. Ltd ले पेस गरेको डिजाइन र स्पेसिफिकेशनको आधारमा कार्य अगाडि बढाउँदा पुन EIA गर्नुपर्ने र सोको लागि थप २ वर्ष लाग्ने भएकोले पूर्व स्वीकृत EPC टेण्डर डकुमेण्टमा व्यवस्था भएको आवेदकको लागि आवश्यक न्यूनतम ग्राह्यता (Eligibility) यथावत कायम रहन र परियोजनाको लागत मुद्रास्फितिको आधारमा US$ 166.41 million लाई आधार मानी नेपालको प्रचलित कानुन अनुरुप प्रतिस्पर्धाको माध्यमबाट गर्न उचित हुने, अर्थ मन्त्रालय वैदेशिक सहायता समन्वय महाशाखाको मिति २०६७/०२/२७ को पत्र अनुसार पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन गर्न खुल्ला प्रतिस्पर्धाद्वारा Turnkey आयोजनाको रुपमा काम गर्ने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्राधिकरण सञ्चालक समितिका सदस्य पदमा रहेको देखिदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(घ) प्रतिवादी रामकुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादी रामकुमार श्रेष्ठलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादी रामकुमार श्रेष्ठले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पदमा रहेको देखिदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(ङ) प्रतिवादीहरु डा.रामकृष्ण | | चिनियाँ ठेकेदारहरु मध्येबाट छनौट गरी २०१० डिसेम्बर भित्र जानकारी पठाउन हुन भनी लेखी आएकोले सोहि अनुरुप EPC Contract अगाडि बढाउन मनासिव देखिन्छ भन्ने समेत व्यहोराको प्रतिवेदन पेस गरेको देखिन्छ। उक्त उपसमितिको प्रतिवेदनसमेतको आधारमा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६८/१०/२४ को २५० औं बैठकले यस अघि समितिबाट स्वीकृत EPC Document लाई आवश्यकतानुसार परिमार्जन गरी अमेरिकी डलर १७०.५३ मिलियन (३ प्रतिशत कन्टीजेन्सी र १३ प्रतिशत भ्याट सहित) कुल लागत लाग्ने गरी तयार पारिएको EPC Document स्वीकृत गर्ने; चिनियाँ कम्पनी, चिनियाँ साझेदारी कम्पनी वा चिनियाँ नेपाली साझेदारी कम्पनी (तर चिनियाँ कम्पनीको लगानी ५१ प्रतिशतभन्दा बढी हुनुपर्ने) हरुको लागि मात्र सहभागिता हुनेगरी ४५ दिनको म्याद दिई मिति २०६८/१०/२६ को राष्ट्रिय दैनिक पत्रपत्रिकामा संलग्न सूचना प्रकाशित गर्ने भनी गरेको निर्णय को आधारमा मिति २०६८/१०/२६ (९ फेब्रुअरी २०१२) को The Kathmandu Post दैनिक पत्रिकामा EPC Contract अन्तर्गत ठेकेदार छनौटको लागि प्राधिकरणले ३० दिन अर्थात ९ मार्च २०१२ भित्र बोलपत्र फाराम खरिद गरी ४५ दिन अर्थात २४ मार्च २०१२ भित्र बोलपत्र फाराम दर्ता गराई सक्ने गरी ठेक्का नं. 01/ATPDD/PRIA/2011/12 को बोलपत्र आह्वान गरेको देखिन्छ। त्यसैगरी उक्त ठेक्का नं. 01/ATPDD/PRIA/2011/12 को ठेक्काको बोलपत्र प्रस्ताव पेस गर्ने China CAMC Engineering Co. Ltd. लगायत जम्मा 3 वटा कम्पनी रहेकोमा उक्त कम्पनीहरु मध्ये लागत अनुमान 145 मिलियन अमेरिकी डलर स्वीकृत भए लगत्तै China CAMC Engineering Co. Ltd. ले लागत अनुमान बढाई परियोजना लागत 287 मिलियन अमेरिकी डलरमा निर्माण कार्य गर्न दिनुपर्ने भनी प्रचलित कानूनी विपरीत प्रस्ताव पेस गर्नु नै China CAMC Engineering Co. ltd को बद्नियत पूर्ण कार्य रहेको स्पष्ट देखिन्छ।<br>(ङ) नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकबाट मिति २०६९/०१/०२ मा 1६९.६९७ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) को लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम EPC Contract अन्तर्गत ठेकेदार छनौटको लागि बोलपत्र आह्वान गरेकोमा China CAMC Engineering Co. Ltd. (CAMC), Sinohydro Corporation Limited र China International Water and Electric Corporation (CWE) ले बोलपत्र प्रस्ताव पेस गरेको देखिन्छ। उक्त बोलपत्र मुकुन्द प्रसाद भण्डारीको अध्यक्षताको बोलपत्र मूल्याङ्कन समितिले ३ वटै बोलपत्रदाताहरु; China CAMC Engineering Co.Ltd. (CAMC), Sinohydro Corporation Limited र China International Water and Electric Corporation (CWE) बाट प्राप्त हुन आएका प्रस्तावहरुको प्राविधिक र व्यापारिक पक्षतर्फको कागजात अध्ययन गर्दा Bid Documents को ITB Clause 3.2 Technical Experience बमोजिम US$ 120 Millions को Airport Project पूरा गरेको नदेखिएकोले Technical Experience पूरा नगरेको भन्ने निष्कर्ष सहितको प्रतिवेदन मिति २०६९/०३/२६ (१० जुलाई २०१२) मा दिएको देखिन्छ। उक्त प्रतिवेदनको आधारमा सबै बोलपत्रहरु अस्वीकृत गरी नयाँ खरिद प्रक्रिया सुरु गर्नुपर्ने सार्वजनिक खरिद ऐन, 2063 बमोजिमको बाध्यकारी कानुनी व्यवस्थालाई नजरअन्दाज गर्दै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादीहरु डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरीलाई बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादीहरु डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरीसमेतले माथि विवेचना गरिए बमोजिम लागत अनुमान बढाउन सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरीत हुनेगरी नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गलत प्रतिवेदनसमेत दिएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र | | सञ्चालक समितिका अध्यक्ष पोष्ट बहादुर बोगटी, सदस्यहरु लोक बहादुर खत्री, मनरुप शाही, ज्योती अधिकारी, मनोज कार्की, फुर्वा छिरिङ्ग शेर्पा, महानिर्देशक/सदस्य सचिव त्रिरत्न मानन्धर र आमन्त्रित सदस्य रञ्जनकृष्ण अर्यालको उपस्थितिमा बसेको नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको मिति २०६९/०३/३१ को बैठकले ×...मूल्याङ्कन समितिले दर्ता हुन आएका बोलपत्रदाता कम्पनीहरुले पेस  गरेको बोलपत्रहरुको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने र मूल्याङ्कन गर्दा सवैभन्दा कम कबोल गर्ने कम्पनीको प्रस्ताव परियोजना कार्यान्वयन गर्न गराउन पर्यटन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाउने" भनी निर्णय गरे गराएको देखिन्छ। सञ्चालक समितिको उक्त कानुन विपरीतको निर्णयलाई स्वीकार गरी प्राधिकरणका निर्देशक मुकुन्द प्रसाद भण्डारीको अध्यक्षतामा उपनिर्देशक हंसराज पाण्डेय, प्रबन्धक पुण्यराज शाक्य, प्रबन्धक बाबुराम पौडेल, प्रबन्धक गंगा सागर मान श्रेष्ठ र बरिष्ठ अधिकृत (कानुन) द्वारिका प्रसाद भट्टराई सदस्य रहेको बोलपत्र मूल्याङ्कन समितिले बद्नियत राखी मिति २०६९/०४/०१ मा आर्थिक प्रस्तावहरु खोली प्राप्त बोलपत्रहरु मध्ये कम रकम रहेको China CAMC Engineering Co. Ltd को कबोल मूल्य ३०५.१२३ मिलियन अमेरिकी डलर प्राधिकरणको लागत अनुमान १६६.४१ मिलियन अमेरिकी डलरभन्दा धेरै नै बढी (८५% बढी) भएकोले बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेका भनी मिति २०६९/०४/०४ मा प्रतिवेदन दिएको देखिन्छ। मूल्याङ्कन प्रतिवेदन प्राप्त भएपश्चात पनि लामो समयसम्म जिम्मेवार तथा कार्यान्वय गर्ने निकाय; नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त खरिद प्रक्रियाका बारेमा स्पष्ट निर्णय लिएको देखिदैन। सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC Engineering Co. Ltd ले प्राधिकरणको लागत अनुमान भित्र रहेर परियोजना संचालन गर्नको लागि २४ अगष्ट २०१२ (मिति २०६९/०५/०८) मा वार्ताको लागि लिखित प्रस्ताव गरेपछि प्राधिकरणले वार्ता गर्न सकिने नसकिने बारेमा मिति २०६९/०५/१३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको राय माग गर्दा उक्त कार्यालयले मिति २०६९/०५/१८ को पत्रबाट सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावलीमा वार्ता गर्ने प्रावधान नभएको राय दिएको देखिन्छ। बोलपत्रदाता China CAMC Engineering Co. Ltd ले पुनः ४ डिसेम्बर २०१२ मा वार्ताको लागि प्रस्ताव पेस  गरेपश्चात सार्वजनिक खरिद अनुगमन कार्यालयको रायलाई नजरअन्दाज गरी सञ्चालक समितिका अध्यक्ष पोष्ट बहादुर बोगटी, सदस्यहरु; लोक बहादुर खत्री, मनरुप शाही, ज्योती अधिकारी, मनोज कार्की, सदस्य सचिव/महानिर्देशक त्रिरत्न मानन्धर र आमन्त्रित रञ्जनकृष्ण अर्याल सम्मिलित मिति २०६९/१०/१५ को सञ्चालक समितिको २६९ औं बैठकले सार्वजनिक खरिद ऐन, 2063 एवं सार्वजनिक खरिद नियमावली, 2064 विपरीत हुनेगरी वार्ताको प्रस्ताव स्वीकार गरी सोको स्वीकृतिको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय गरे गराएको देखिन्छ। सञ्चालक समितिको मिति २०६९/१०/१५ को निर्णयको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव हरि बहादुर खड्का, सहसचिव रञ्जनकृष्ण अर्याल, सचिव सुशिल घिमिरे र मन्त्री पोष्ट बहादुर बोगटी संलग्न रही नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिको लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जरिवाना सजायसमेत हुन मागदावी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(च)प्रतिवादीहरु प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूरमा बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादीहरु प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीसमेतले माथि विवेचना गरिए बमोजिम लागत अनुमान बढाउन गलत प्रतिवेदनसमेत दिएको देखिदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदावी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ। | | प्रस्ताव लैजान मिति २०६९/११/०४ मा निर्णय गरी पेस भएको प्रस्तावमा मिति २०६९/११/०४ को मन्त्रिपरिषद् बैठकले ×परियोजना निर्माणको कुल लागत नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृत लागतको सीमाभित्र रहने र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट आकार, प्रकार, संख्या, गुणस्तर र डिजाइन स्वीकृत गर्ने र दातृपक्षसँग परामर्श गरी ठेक्का प्रक्रिया टुङ्गो लगाउन सैद्धान्तिक सहमति दिने" भनी गरेको निर्णयको अपव्याख्या गरी नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपमहानिर्देशक सुमन कुमार श्रेष्ठले २६ फेब्रुअरी २०१३ (२०६९/११/१५) मा प्रस्ताव स्वीकृत भएको व्यहोरा समेत उल्लेख गरी China CAMC Engineering Co. Ltd लाई लिखित पत्राचार गरेको देखिन्छ भने सोको जवाफमा China CAMC Engineering Co. Ltd ले १४ मार्च २०१३ (२०६९/१२/०१) मा Feasibility Study Report तयार गरी सोको आधारमा Bill of quantity and contract price तय गर्नुपर्ने सर्त सहित प्राधिकरणलाई पठाएको पत्र उपर प्राधिकरणका तत्कालीन उपमहानिर्देशक सुमन कुमार श्रेष्ठले १७ मार्च २०१३ (२०६९/१२/०४) मा Feasibility Study Report तयार गर्न सहमत रहेको भनी जवाफ पठाएको देखिन्छ। तत् पश्चात China CAMC Engineering Co. Ltd को संलग्नतामा China Airport Construction Group Corporation (CACC) ले विमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरिकी डलर लागत लाग्ने समेत उल्लेख गरी July 2013 मा तयार गरेको Feasibility Study Report मा प्राधिकरणका तत्कालीन महानिर्देशक रतिश चन्द्रलाल सुमन, उपमहानिर्देशक सुमन कुमार श्रेष्ठ, उपमहानिर्देशक रोशन चित्रकार, ऋषिकेश शर्मा, नारायण गिरी, महेश कुमार बस्नेत, बाबुराम पौडेल, अशोक कुमार सुवेदी, मुरारी भण्डारी, सुवर्णराज उपाध्याय, कुल प्रसाद सिंखडा, हंसराज पाण्डेय र प्रदीप अधिकारी तथा China CAMC समेतका प्रतिनिधि सम्मिलित जुलाई ९-१६, २०१३ (मिति २०७०/०३/२५ देखि २०७०/०४/०१ सम्म) को बैठकमा छलफल गर्दा Highly appreciated भनी माइन्युट गरेको देखिंदा यसबाट परियोजना लागत बढाउने पृष्ठभूमी तयार भई यि प्रतिवादीहरु पोष्ट बहादुर बोगटी, मनरुप शाही, ज्योती अधिकारी, मनोज कार्की समेत र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co. Ltd लगायतलाई लाभ र सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गैरकानुनी हानी पुऱ्याउने श्रृङ्खला तय भए अनुसार कार्य भएको स्पष्ट देखिदा देखिदै सो तथ्यको विवेचना नगरि पोष्ट बहादुर बोगटीको श्रीमती राममाया बोगटी र अन्य मनरुप शाही, ज्योती अधिकारी, मनोज कार्की समेतलाई साधारण तारेखमा राख्ने गरि भएको आदेश त्रुटीपुर्ण देखिदा बदर भागी छ। ।<br>(च) उक्त Feasibility Study Report माथि छलफल एवं सहमति भएपश्चात सोलाई समेत अध्ययन गर्ने कार्यक्षेत्रगत सर्त (ToR) तोकी मिति २०७०/०५/२९ (१४ सेप्टेम्बर २०१३) गते नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राम कुमार श्रेष्ठ, सदस्यहरु; सुरेश आचार्य, मुक्तिनारायण पौडेल, ज्योती अधिकारी, मनोज कार्की, मदन खरेल, फुर्वा छिरिङ्ग शेर्पा, सदस्य सचिव/महानिर्देशक रतिश चन्द्रलाल सुमन र आमन्त्रित रञ्जनकृष्ण अर्यालको उपस्थितिमा बसेको २८० औं बैठकले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (छ)प्रतिवादी ज्योति अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूरमा बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र निज प्रतिवादी ज्योति अधिकारीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष पदमा रहेको देखिदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर भएको देखिन्छ।<br>(ज)नेपाल नागरिक उड्डयन प्राधिकरणका त्कालीन उपनिर्देशक स्व.ध्रुबदास भोछिभोयाको हकमानिजको श्रीमती यमुनादेबी श्रेष्ठलाई निजका पति स्व. ध्रुवदास भोछिभोयाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर गरेकोले निज प्रतिवादी ध्रुवदास भोछिभोयालाई बिगो | | ठेक्का प्रक्रियाको आर्थिक, प्राविधिक, कानुनी तथा व्यावहारिक पक्षलाई समेटी राय परामर्श प्रदान गर्न डा.रामकृष्ण तिमिल्सिनाको संयोजकत्वमा डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरी रहने गरी परामर्शदाता टोली गठन गरेको देखिँदा सञ्चालक समितिका पदाधिकारीहरुले परियोजना लागत बढाई आफूसमेतका प्रतिवादीहरुलाई गैरकानुनी लाभ र सार्वजनिक संस्थालाई हानी पुऱ्याउने बदनियतले सार्वजनिक खरिद ऐन, 2063 एवं सार्वजनिक खरिद नियमावली, 2064 विपरीत उक्त परामर्शदाता टोली गठनको प्रपञ्च रचेको देखिन्छ। यसरी बदनियत राखी गठन गरे गराएको परामर्शदाता टोलीले प्रचलित सार्वजनिक खरिद ऐन, 2063 एवं सार्वजनिक खरिद नियमावली, 2064 विपरीत हुनेगरी China CAMC Engineering Co. Ltd तथा अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा निजहरुकै चाहना/आशय अनुसारको प्रतिवेदन तयार गरी गराई मिति २०७०/०७/२९ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री समक्ष EPC ढाँचामा ठेक्का टुङ्गो लगाउनुपर्ने, लागत अनुमान १४५ मिलियन अमेरिकी डलरलाई National Consumer Price Index र China Airport Construction Group Corporation (CACC) ले जुलाई २०१३ मा पेस गरेको Feasibility Study Report समेतलाई मध्येनजर गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) हुन आउने भएकोले सोको सीमाभित्र रही EPC ढाँचाको आधारमा परियोजना संचालन गर्नको लागि ठेक्का प्रक्रिया टुङ्गो लगाउन उपयुक्त हुने तथा ठेक्का प्रक्रिया टुङ्गो लगाउने क्रममा आजसम्म भएको काम कारबाहीलाई मूल्याङ्कन गर्दा प्रस्तुत परियोजनालाई अवरुद्ध हुन नदिई निरन्तरता दिन उपयुक्त हुने भनी आफ्नो पद योग्यता तथा अनुभव ख्याति (Good Will) को दुरुपयोग गरी गराई बदनियत राखी राय दिने दिन लगाउने कार्यमा संलग्न नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राम कुमार श्रेष्ठ सदस्यहरु ज्योती अधिकारी, मनोज कार्की र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी ठेक्का प्रक्रियाको आर्थिक, प्राविधिक, कानुनी तथा व्यावहारिक पक्षलाई समेटी राय परामर्श प्रदान गर्ने भनि तोकिएका डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरीलाई हुन सक्ने सजाय समेतको आधारमा थुनामा राखि मुद्दाको पुर्पछ गर्नु पर्नेमा प्रतिवादी मध्येका राम कुमार श्रेष्ठको हकमा अत्यान्त न्युन रु. ५,००,०००।-र मनोज कार्कीको हकमा रु. २५०,०००।-धरौटी माग गरि अन्य प्रतिवादीहरु ज्योती अधिकारी, यमुना देवी श्रेष्ठ डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरीलाई साधारण तारेखमा राख्ने गरि भएको आदेश त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>(छ) नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राम कुमार श्रेष्ठ, सदस्यहरु; सूर्य प्रसाद आचार्य, सुरेश आचार्य, मनोज कार्की, मदन खरेल, फुर्वा छिरिङ्ग शेर्पा, सदस्य सचिव/महानिर्देशक रतिशचन्द्रलाल सुमन र आमन्त्रित रञ्जनकृष्ण अर्यालको उपस्थितिमा मिति २०७०/०७/२९ गते बसेको सञ्चालक समितिको २८२ औं बैठकले डा.रामकृष्ण तिमिल्सीना संयोजकत्वको परामर्श टोलीले दिएको प्रतिवेदनको सिफारिस अनुसार गर्न मनासिव हुने देखिएको हुँदा प्रतिवेदनमा उल्लेख भए बमोजिमको संशोधित लागत इष्टिमेट अनुरुप निर्माण कार्य अगाडि बढाउन नेपाल सरकारको स्वीकृतिका लागि उक्त प्रतिवेदन समेत संलग्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिनुपर्ने देखिएता पनि निज प्रतिवादीको मृत्यु भएको व्यहोरा नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०८२/०७/१८ को पत्रबाट खुली आएको देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी ध्रुवदास भोछिभोयाको श्रीमती यमुना देवी श्रेष्ठ समेतबाट प्रतिवादी ध्रुवदास भोछिभोयाले जिवित हुँदा माथि | | गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरी पठाउने भनी प्रचलित सार्वजनिक खरिद कानुन प्रतिकुल हुनेगरी निर्णय गरेकोमा सो निर्णयलाई स्वीकार गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव हरि बहादुर खड्का, सहसचिव रञ्जनकृष्ण अर्याल, सचिव सुशिल घिमिरे र मन्त्री रामकुमार श्रेष्ठसमेत संलग्न रही मन्त्रालयबाट मिति २०७०/०८/१० गते निर्णय गरी पेस गरेको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०/०९/११ को बैठकले ×अधिकार प्राप्त अधिकारीबाट प्रचलित कानुन बमोजिम निर्णय हुने विषयमा मन्त्रिपरिषद्बाट केही गर्नु नपर्ने" भनी निर्णय गरेको देखिन्छ। यस निर्णयले अधिकार प्राप्त निकाय/अधिकारीले गर्ने निर्णय कानुनसम्मत हुनुपर्ने भनी स्पष्ट उल्लेख गर्दागर्दै परियोजनाको ठेक्का लगायत कार्यान्वयन प्रक्रिया अगाडि बढाउन नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिने भन्ने मिति २०७०/१२/२१ को मन्त्रीस्तरीय निर्णयको आधारमा (निर्णयमा संलग्न उपसचिव हरि बहादुर खड्का, सहसचिव रञ्जनकृष्ण अर्याल, सचिव सुशिल घिमिरे र मन्त्री भीम प्रसाद आचार्य) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले च.नं.३१०, मिति २०७०/१२/२३ को पत्र मार्फत प्राधिकरणलाई निर्देशन दिएको देखिन्छ। उक्त पत्राचार पश्चात नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष भीम प्रसाद आचार्य, सदस्यहरु; सूर्य प्रसाद आचार्य, मनोज कार्की, फुर्वा छिरिङ्ग शेर्पा, सदस्य सचिव/महानिर्देशक रतिश चन्द्रलाल सुमन र आमन्त्रित रञ्जनकृष्ण अर्यालको उपस्थितिमा मिति २०७०/१२/२४ गते बसेको सञ्चालक समितिको २८७ औं बैठकले महानिर्देशकले परियोजना सम्बन्धी आवश्यक कार्य अगाडि बढाउने भनी निर्णय गरे गराएको देखिन्छ, उक्त निर्णय नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०/०९/११ को निर्णय र सार्वजनिक खरिद ऐन, 2063 एवं सार्वजनिक खरिद नियमावली, 2064 लगायतको प्रचलित कानून विपरीत रहेको स्पष्ट देखिदा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राम कुमार श्रेष्ठ, सदस्य मनोज कार्की समेतलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनाम राखि मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा माग दावी गरिएको विगोको तुलनामा अत्यान्त नगन्य रकम धरौटी माग गरि भएको आदेश बेरितको देखिदा बदर भागी छ।<br>(ज) नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक स्तरीय मिति २०७१।०१।१४ को निर्णयबाट Commercial Agreement Document तयार गर्न उपमहानिर्देशक सुमन कुमार श्रेष्ठको संयोजकत्वमा निर्देशक प्रतापबाबु तिवारी, उपनिर्देशक हंसराज पाण्डेय, उपनिर्देशक ध्रुवदास भोछिभोया, उपनिर्देशक पुण्यराज शाक्य, प्रबन्धक कुल प्रसाद सिंखडा, प्रबन्धक रुद्र प्रसाद फुयाल, प्रबन्धक रामचन्द्र सुवेदी, बरिष्ठ कानुन अधिकृत द्वारिका प्रसाद भट्टराई, उपप्रबन्धक प्रदीप अधिकारी रहने गरी प्राविधिक कमिटी गठन गरे गराएको र सोही कमिटीले Bidding Document मा भएका सर्त र Modality लाई समेत बद्नियत राखी गैरकानूनी तवरमा परिवर्तन गरी गराई Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन २९ अप्रिल-६ मे २०१४ (२०७१/०१/१६-२३ सम्म) China CAMC Engineering Co. Ltd र प्राधिकरणका प्रतिनिधि दुवै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उल्लेखित कसूर गरी नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याएको बिगो ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) निजको श्रीमती प्रतिवादी श्रीमती यमुना देवी श्रेष्ठ समेतबाट विगो असुल उपर गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी बनाइएको देखिन्छ। | | पक्षबीच बैठक गरेको, यही बैठकले Commercial Agreement लाई अन्तिम स्वरुप दिई Commercial Agreement Document सहितको प्रतिवेदन महानिर्देशक समक्ष मिति २०७१/०१/२३ मा दिए दिन लगाएको देखिन्छ भने उक्त कमिटीले तयार गरेको Commercial Agreement मिति २०७१।०२।०५ को प्राधिकरण सञ्चालक समितिको २८९ औं बैठक (सदस्यहरु सुरेश आचार्य, सूर्य प्रसाद आचार्य, मदन खरेल, फुर्वा छिरिङ्ग शेर्पा, महानिर्देशक/सदस्य सचिव रतिश चन्द्रलाल सुमन र आमन्त्रित रञ्जनकृष्ण अर्यालको उपस्थिति रहेको) मा पेस हुँदा ×यस विषयमा सञ्चालक समितिको मिति २०७०।१२।२४ मा बसेको २८७ औं बैठकबाट निर्णय भैसकेकोले थप निर्णय गरिरहनु परेन" भन्ने निर्णय गरे गराएको देखिन्छ। त्यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीस्तरीय मिति २०७१/०२/०८ को निर्णयानुसार (निर्णयमा सहभागी सहसचिव रञ्जनकृष्ण अर्याल, सचिव सुशिल घिमिरे र मन्त्री भीम प्रसाद आचार्य) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण परियोजनाको कूल लागत ईष्टिमेट २१५.९६५ मिलियन अमेरिकी डलर (मूल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी बाहेक) र BOQ Model मा तयार भएको Tender Document लाई EPC Model मा परिमार्जन गरी FIDIC को Condition of Contract for EPC/Turnkey Projects (Silver Book) अनुसारको General Condition of Contract (GCC) तथा आवश्यक Condition of Particular Application संलग्न गरी निर्माण व्यवसायी China CAMC Engineering Co. Ltd कम्पनीसँग Commercial Contract गर्न मिति २०७१/०२/०८ को पत्र नेपाल नागरिक उड्डयन प्राधिकरणमा लेखी पठाएको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण र China CAMC Engineering Co. Ltd बीच पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा २१५.९६५ मिलियन अमेरिकी डलर (मूल्य अभिबृद्धी कर र कन्टिन्जेन्सी बाहेक) सम्झौता रकम कायम गरी मिति २०७१/०२/०८ (२२ मे २०१४) मा Contract Agreement गरे गराएको देखिन्छ। तत्कालीन पर्यटन सचिव सुशिल घिमिरेको उपस्थितिमा भएको उक्त Commercial Contract Agreement मा नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट तत्कालीन महानिर्देशक रतिश चन्द्रलाल सुमन र उपमहानिर्देशक सुमन कुमार श्रेष्ठले तथा China CAMC Engineering Co. Ltd. को तर्फबाट Regional General Manager Mr. Liu Shengcheng ले हस्ताक्षर गरेको देखिदा उपनिर्देशक ध्रुबदास भोछिभोयाले गरेको कसूरजन्य कार्यको आधारमा निजको मृत्यु भई निजको हकवाला श्रीमती यमुना कुमारी श्रेष्टबाट विगो असुल उपर गर्ने प्रयोजनका लागी प्रतिवादी वनाईएकोमा निजवाट असुल उपर हुन सक्ने विगोको आधारमा धरौटी माग गर्नु पर्नेमा साधारण तारेखमा राख्ने गरि भएको आदेश त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>(झ) Commercial Contract Agreement भएपश्चात लागत अनुमानमा रकम बढ्न गएको विषयमा थप हुन गएका Item र पेस गरिएको Price Index बढ्न गएको रकम लगायतका विषयमा Domestic र Foreign Item छुट्याई थप विश्लेषण गर्न उपयुक्त हुने भनी मिति २०७१/०५/२४ मा तत्कालीन पर्यटन सचिव सुरेशमान श्रेष्ठको कार्यकक्षमा तत्कालीन अर्थ सचिव सुमन प्रसाद शर्मा र प्राधिकरणका महानिर्देशक रतिश चन्द्रलाल सुमन समेतले छलफल गरी सोका आधारमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारीले सोही दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (९ सेप्टेम्बर २०१४) मा 01/ATPDD/NPRIA/2011-12, Review Report on Pokhara Regional International Airport for EPC Contract Procedure विषयमा इन्जिनीयरिङ्ग अध्ययन संस्थानलाई पत्राचार गरेकोमा उक्त संस्थानका तर्फबाट प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीको टोलीको समिति गठन भई उक्त समितिबाट बद्नियत राखी आफ्नो प्राज्ञिक पद तथा ओहोदाको दुरुपयोग गरी बद्नियत राखी Inflation समेतको आधारमा परियोजना लागत मूल्य अभिबृद्धी कर बाहेक २३०.065 मिलियन अमेरिकी डलर हुने भनी सिफारिस सहितको प्रतिवेदन प्राधिकरणमा मिति २०७१/०५/२७ मा पेस गरे गराएको देखिन्छ। उक्त प्रतिवेदनलाई प्राधिकरणका महानिर्देशक रतिश चन्द्रलाल सुमनले मिति २०७१/०५/२९ मा तत्कालीन पर्यटन सचिवलाई सम्बोधन गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको देखिदा गलत शिफारिस सहितको प्रतिवेदन पेश गर्ने इन्जिनीयरिङ्ग अध्ययन संस्थानका प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखि मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा साधारण तारेखमा राख्ने गरि भएको आदेश बेरितको देखिदा बदर भागी छ।<br>(ज) मन्त्रिपरिषद्ले मिति २०६९/११/०४ मा गरेको निर्णय भन्दा फरक हुनेगरी Commercial Agreement को रकम स्वीकृत लागत अनुमान भन्दा बढी हुनुको उपयुक्त पुष्ट्याईं तथा Commercial Agreement गर्नुपर्नाको कारण आधार खुलाई पठाउन अर्थ मन्त्रालयले मिति २०७१/०६/०८ को पत्र (शाखा अधिकृत कमल कुमार भट्टराई, सहसचिव मधुकुमार मरासिनी र सचिव सुमन प्रसाद शर्माको निर्णयले) बाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाए पश्चात संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७१/०६/१२ को पत्र (उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा र सचिव सुरेशमान श्रेष्ठबाट स्वीकृत भई) बाट नेपाल नागरिक उड्डयन प्राधिकरणमा अर्थ मन्त्रालयले उठाएका विषयमा जवाफ माग गरेकोमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक रतिश चन्द्रलाल सुमनले मिति २०७१/०६/१२ कै पत्रबाट इन्जिनीयरिङ्ग अध्ययन संस्थानको मिति २०७१/०५/२७ को प्रतिवेदनले समेत Commercial Contract Agreement अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं गरेकोले सोही रकम संशोधित स्वीकृत लागत भएको भन्ने समेत व्यहोरा खुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राधिकरणबाट प्राप्त उक्त व्यहोरा अनुसार नै Commercial Contract Agreement अंक २१५.९६५ मिलियन अमेरिकी डलरको पुष्ट्याईं/मनासिव भएको निर्णय (उपसचिव हरि बहादुर खड्का, सहसचिव मोहनकृष्ण सापकोटा, सचिव सुरेशमान श्रेष्ठ र मन्त्री दिपकचन्द्र अमात्यको स्वीकृतिमा) सहित ऋण सहायताको प्रक्रिया अगाडि बढाउन मिति २०७१/०६/१४ मा अर्थ मन्त्रालयमा पठाएको देखिदा प्रतिवादीहरुको लागत अनुमान बढाउन कै लागी बदनियत पुर्व पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी ठेक्का प्रक्रियाको आर्थिक, प्राविधिक, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कानुनी तथा व्यावहारिक पक्षलाई समेटी राय परामर्श प्रदान गर्ने भनि तोकिएका डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरी र Review Report on Pokhara Regional International Airport for EPC Contract Procedure विषयमा शिफारिस गर्ने इन्जिनीयरिङ्ग अध्ययन संस्थानका प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीलाइ विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखि मुद्दाको पुर्पछ गर्नु पर्नेमा साधारण तारेखमा राख्ने गरि भएको आदेश बेरितको देखिदा बदर भागी छ।<br>(ट) यसरी, अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको खरिदको Commercial Contract Agreement भएतापनि बोलपत्र आह्वानको सूचनामा नै China Exim Bank सँग ऋण सम्झौता नभएसम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्झौता कार्यन्वयनमा आउन नसक्ने भई यि प्रतिवादीहरु र China CAMC Engineering Co. Ltd तथा उक्त कम्पनीका पदाधिकारीहरुले सम्झौता बमोजिमको नगद वा अन्य गैरकानूनी लाभ प्राप्त गर्न उक्त अस्वाभाविक लागत अनुमान बढाउनुका आधार कारण तथा औचित्य पुष्टि गर्नलाई कानुन विपरीतको कार्य गरी गराई हरसम्भव प्रयास गरे गराएको देखिन्छ। उक्त बद्नियतपूर्ण कार्य गरी गराई बढाईएको लागत अनुमानलाई जसरी पनि मन्त्रिपरिषद् बाट स्वीकृत गरी गराई सोही आवरणमा आफूसमेतका प्रतिवादीहरु कसूर सजायबाट बच्न पटक पटक प्रस्ताव मन्त्रिपरिषद्मा लगेतापनि बढाईएको लागत अनुमानमा स्वीकृती दिएको देखिदैन। यि प्रतिवादीहरु र China CAMC Engineering Co. Ltd तथा उक्त कम्पनीका पदाधिकारीहरुले Commercial Contract Agreement बमोजिमको सम्झौता कार्यान्वयन गरी आफूसमेतले गैरकानूनी लाभ प्राप्तिको लागि मिति २०७१/०७/०३ मा अर्थमन्त्रीको कार्यकक्षमा तत्कालीन अर्थमन्त्री डा.रामशरण महत, अर्थ सचिव सुमन प्रसाद शर्मा, कानुन सचिव भेषराज शर्मा, निमित्त पर्यटन सचिव मोहनकृष्ण सापकोटा, अर्थ मन्त्रालयका सह-सचिव मधुकुमार मरासिनी, पर्यटन मन्त्रालयका उप-सचिव हरि बहादुर खड्का, अर्थ मन्त्रालयका उप-सचिव लाल बहादुर खत्री, अर्थ मन्त्रालयका उप-सचिव प्रेम उपाध्याय, अर्थ मन्त्रालयका शाखा अधिकृत कमल कुमार भट्टराई, प्राधिकरणका महानिर्देशक रतीशचन्द्र लाल सुमनसमेतको नेपाल सरकारको विशिष्ट दर्जासमेतका कानून, राजस्व लगायतको विषयमा विशेष दखल राखी ज्ञान सिप तथा अनुभवसमेत भएका राष्ट्रसेवकहरु बैठक बसी बसाई आफ्नो पद ओहोदा तथा सुविधाको दुरुपयोग गरी गराई बद्नियत राखी अन्य राष्ट्रसेवक प्रतिवादीहरु तथा China CAMC Engineering Co. Ltd समेत सँगको मिलेमतो तथा योजनामा गैरकानूनी रुपमा परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रस्ताव पेस गर्ने निर्णय गरे गराएको तथ्य स्थापित भएको देखिएको र यसरी, China CAMC Engineering Co. Ltd लाई नै उक्त बढाएको लागत अनुमानमा ठेक्का दिएको कार्यान्वयन गरी गराई लाभ प्राप्तिको लागि नै माथि उल्लिखित राष्ट्रसेवकहरुले अस्वाभाविक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरी खरिद गर्न लागेको जानी जानी बद्नियत राखी परिमार्जित लागत अनुमान २१५.९६५ मिलियन अमेरिकी डलर अनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अगाडि बढाउन भनी निर्णय गरे गराएको देखिदा देखिदै सो तथ्य र प्रमाणहरुको सुक्ष्म विवेचना नगरि भएको आदेश बेरितको देखिदा बदर भागि छ।<br>(ठ) यसरी यि प्रतिवादीहरु पोष्ट बहादुर बोगटी, राम कुमार श्रेष्ठ, मनरुप शाही, ज्योती अधिकारी, मनोज कार्की, डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, ध्रुबदास भोछिभोया, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ, उप-प्राध्यापक सूर्य ज्ञवालीसमेत र China CAMC Engineering Co., Ltd एवं सोका मुख्य भई काम गर्ने व्यक्ति समेतको आपसी मिलेमतो, योजना र संलग्नतामा प्राविधिक मूल्याङ्कनमा असफल र आर्थिक मूल्याङ्कनमा स्वीकृत लागत अनुमान भन्दा धेरै नै बढी भई सारभूत रुपमा प्रभावग्राही नरहेको (Non-Responsive) China CAMC Engineering Co. Ltd. को बोलपत्र उपर कानुन विपरीत वार्ता गरी, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा व्यवस्था नै नभएको परामर्श टोली गठन (मिति २०७०/०५/२९ र मिति २०७१/०५/२४ गरी २ पटक) गरी गराई उक्त टोलीले दिएको परामर्श/सिफारिशको बहानामा मूल्याङ्कन समितिले सारभूत रुपमा प्रभावग्राही नभएको भनी प्रतिवेदन दिएकै बोलपत्रदाता China CAMC Engineering Co. Ltd सँग पूर्व स्वीकृत लागत अनुमान १६९.६९७ मिलियन अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) भन्दा अस्वभाविक रुपमा बढाई संशोधन गरी गराई २४४,०४०,४५०.00 अमेरिकी डलर (३% कन्टिजेन्सी र १३% VAT समेत) मा सम्झौता गरेको र अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गरे गराएकोमा सोही बमोजिम भुक्तानी भएको पुष्टि भएको देखिन्छ। प्रतिवादीहरुको उक्त कार्यवाट नेपाल नागरिक उडयन प्राधिकरणलाई ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) गैरकानुनी हानी नोक्सानी भएको देखिन्छ। प्रतिवादीहरुले स्वीकृत लागत अनुमान १६९,६९७,000.00 अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४४,०४०,४५०.00 अमेरिकी डलर लागत अनुमान कायम गरी गराई अस्वाभाविक बढी मूल्य तिरी खरिद कार्यको सम्झौता गरी गराई सोही बमोजिम भुक्तानी भएको प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) द्वारा परिभाषित भ्रष्टाचारजन्य कसुर भए गरेको तथ्य पुष्टि भई रहेको अवस्थामा विशेष अदालतवाट थुनछेक आदेश गर्दा अपराधको प्रकृति र गाम्भिर्यता, कसूरमा प्रतिवादीहरुको संलग्नता, कसूर गर्दाको परिस्थिति, प्रतिवादीहरुले प्रमाण लोप गर्न र नयाँ कृतिम प्रमाण सृजना गर्न सक्ने अवस्था, पीडित तथा साक्षीको सुरक्षा, घटनाले समाजमा पारेको प्रभाव एवं सामाजिक आक्रोश, अदालतमा प्रतिवादीहरुको उपस्थितीको सुनिश्चितता, निजहरुलाई हुन सक्ने सजाय एवं फैसला कार्यान्वयनको अवस्था, स्वेच्छाचारी सरकारी काम कारवाहीको नियन्त्रण समेतका सिद्धान्तलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मध्यनजर गरी सोमा अनुपातिक न्याय (Proportionality), प्रतिवादीहरुको कसूरमा सम्लग्नता र निजहरु विरुद्धको प्रमाण बीच समान ब्याख्या एवं मूल्याङ्कन कायम गरी थुनछेक आदेश गर्नु पर्नेमा प्रतिवादी विरुद्धका प्रमाण एवं निजले स्वीकार गरेको तथ्यलाई नजरअन्दाज गरी हचुवा रुपमा केही प्रतिवादीहरुको हकमा विगोको तुलनामा अत्यन्त न्युन धरौटी माग गर्ने तथा अन्य केही प्रतिवादीहरुको हकमा साधारण तारेखमा राख्ने गरी भएको विशेष अदालतको उल्लिखित थुनछेक आदेश प्रारम्भिकरुपमै वेरितको देखिंदा बदर भागी छ।<br>(ङ) थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) मा मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने, देहाय (घ) मा तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी नोक्सानी गरेको विगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाइ हुन सक्ने कैद र जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने, देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी ब्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यविधि नै पालना गर्नु पर्ने बिधायिकिय मनसाय रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (घ) र (ङ) मा उल्लेख भए अनुसार कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका प्रमाणहरु अदालतमा विधि सम्मत रुपमा प्रस्तुत भई कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका सवै प्रमाणहरु तत्काल प्राप्त प्रमाण हुने र ति प्रमाणका आधारमा कसूरदार हो भन्ने विश्वास गर्नसक्ने मनासिब आधार भएमा न्यायिक मूल्याङ्कन गर्नुपर्ने गरी कानूनमा न्यायिक अधिकारीलाई स्पष्ट गरको देखिन्छ। यसरी मनासिव आधार बस्तुनिष्ट, विश्वासनिय, स्वतन्त्र, निर्विवाद र स्वयंसिद्ध प्रमाणबाट पुष्टि हुनुपर्ने, प्रमाण स्वतन्त्र निष्पक्ष तवरवाट प्रक्रिया सम्मत तरिकाले (Due process of law) संकलन भएको हुनुपर्ने अवस्थालाई कानून मै उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा आरोपत्रसाथ पेश भएका सवूद प्रमाणलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन ब्याख्या विश्लेषण भएको देखिदैन। बिधायिकाले कानून निर्माण गर्दा जघन्य अपराधमा कुनै पनि अभियुक्तलाई मुद्दाको पुर्पक्षको लागी थुनामा नै राखेर मुद्दाको कारवाही गर्नु पर्छ भन्ने मनसाय रहेको देखिन्छ भने गम्भिर प्रकृतिको अपराधमा केबल आर्थिक धरौटीको माध्यमबाट स्वतन्त्रता दिँदा समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ। समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय ब्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी ने.का.प २०६६ क ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा सार्वजनिक निकाय नेपाल नागरिक उडडयन प्राधिकरणलाई रु.७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर)अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याउने यि प्रतिवादीहरु राममाया वोगटी, मनरुप शाही  डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवालीको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी रामकुमार श्रेष्ठ को हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु. ५०००००/-(पाँच लाख) र मनोज कार्कीका हकमा रु. २,५०,०००/-( दुई लाख पचास हजार ) धरौटी माग गर्ने गरी भएको विशेष अदालतको उक्त आदेश बेरितको देखिदा बदरभागी रहेको छ।<br>अतः माथि बिबेचित आधार, कारण, कानूनी व्यवस्था एवं नजिर सिद्धान्त समेतका आधारमा प्रतिबादीहरू राममाया वोगटी, मनरुप शाही, डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ र उप-प्राध्यापक सूर्य ज्ञवाली, रामकुमार  श्रेष्ठ, मनोज कार्की, ज्योति अधिकारी र यमुना कुमारी श्रेष्ठ समेतले लाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखि मुद्दाको कारवाही हुनु पर्नेमा निज प्रतिवादीहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र कसूरदार हो भन्ने मनासिव आधारहरुको विश्लेषण नगरि प्रतिबादीहरू राममाया वोगटी, मनरुप शाही  डा.रामकृष्ण तिमिल्सिना, डा.पुरुषोत्तम डंगोल, विनोदानन्द चौधरी, प्रा.डा.रबिन्द्रनाथ श्रेष्ठ, उप-प्राध्यापक सन्तोष कुमार श्रेष्ठ, उप-प्राध्यापक सूर्य ज्ञवाली, ज्योति अधिकारी र यमुना कुमारी श्रेष्ठको हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी रामकुमार श्रेष्ठ को हकमा बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (घ) बमोजिम रु. ५०००००/-(पाँच लाख) र मनोज कार्कीका हकमा रु. २,५०,०००/-( दुई लाख पचास हजार ) धरौटी माग गर्ने गरी  भएको उक्त आदेश बेरितको देखिंदा सो वेरितको आदेश बदर गरी प्रतिवादीहरुलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |